# लेखापरीक्षण प्रतिवेदन

# चौबिसे गाउँपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# चौबिसे गाउँपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/686

श्रीमान् अध्यक्षज्यू,

चौबिसे गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/686

मिति : २०८३-१-२९

श्री अध्यक्षज्यू ,
चौबिसे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रु १ अर्व ४ करोड २५ लाख ९९ हजारको लेखापरीक्षण गर्दा रु १ करोड १५ लाख ५२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु ५ लाख ६० हजार संपरीक्षण भई असुल गर्नुपर्ने रु २ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु २१ लाख १० हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु ८६लाख १५ हजार गरी जम्मा रु १ करोड ९ लाख ९२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु ८ करोड ३ लाख ९४ हजार र यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु ९ करोड २३ लाख ८७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( श्रीकुमार राई )<br>
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट संपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ७३ | १,१५,५२,३५७ | ० | ५९ | ५,५९,७९१ | ० | ६९ | १४ | १,०९,९२,५६६ | २,६७,२९७ | २१,०९,७०० | ८६,१५,५६९ | ० | ० | १,०७,२५,२६९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष संपरीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनकुटा | ८,०३,९४,४३८ | ० | ० | ० | ० | १,०९,९२,५६६ | ९,२३,८७,००४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५४.९<br>५४.१०<br>५४.११ | शिक्षा तर्फ:- | ४,३९,७९१ |
| २ | २०८१/८२ | ६० | अपाङ्गता रोकथाम:- | १,२०,००० |
| जम्मा | | | | ५,५९,७९१ |

# चौबिसे गाउँपालिका, धनकुटा

# ( ८०१०६५०२३०० )

# चौबिसे गाउँपालिका , धनकुटा

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १४७.६ वर्ग किलोमिटर तथा १७६७७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०७।१६ देखि २०८२ ।०८।२७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय र व्ययतर्फ रु.१ अर्ब ४ करोड २५ लाख ९९ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ एकीकृत वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत्

खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । यस स्थानीय तहको सञ्चित कोष प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन् ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | | चालु खर्च | | ३०४२६४४७९.१६ |
| १.संचित कोष | १९३७१४६५.८६ | ३५१०९९६९.११ | १. पालिका तर्फ | १००२८५४७८.६२ | ०.०० |
| २.धरौटी | १०३७००१८.०० | ०.०० | २. संघीय सशर्त | २०२२६३९८५.५४ | ०.०० |
| ३.कार्यसञ्चालन कोष | ३६८७९२४.५५ | ०.०० | ३. संघीय विशेष | ०.०० | ०.०० |
| ४.अन्य कोष प्रकोप व्यवस्थापन | १६८०५६०.७० | ०.०० | ४. प्रदेश सशर्त | १७१५०१५.०० | ०.०० |
| यस वर्षको आय | ०.०० | ०.०० | ५. प्रदेश विशेष | ०.०० | ०.०० |
| १.आन्तरिक आय | ९२५५०३६.८९ | ९२५५०३६.८९ | पुँजीगत खर्च | ०.०० | १०६९००००२.०० |
| २. वित्तीय हस्तान्तरण (संघ) | ०.०० | ३८८४७७१२२.८४ | १. पालिका तर्फ | ५८१२४९९२.०० | ०.०० |
| क) समानीकरण अनुदान | ८११९५८४०.०० | ०.०० | २. संघीय सशर्त | १७१६८१८७.०० | ०.०० |
| ख) राजस्व बाँडफाँट | ७६४८४२६९.३० | ०.०० | ३. संघीय विशेष | ११४४४८४१.०० | ०.०० |
| ग) सशर्त अनुदान | २१९४३२१७२.५४ | ०.०० | ४. संघीय समपुरक | ०.०० | ०.०० |
| घ) समपुरक अनुदान | ०.०० | ०.०० | ५. प्रदेश सशर्त | १२०५३६०५.०० | ०.०० |
| ङ) विशेष अनुदान | ११४४४८४१.०० | ०.०० | ६. प्रदेश विशेष | ०.०० | ०.०० |
| च) रोयल्टी | ०.०० | ०.०० | ७. प्रदेश समपुरक | ८१०८३७७.०० | ०.०० |
| छ) अन्य | ०.०० | ०.०० | अन्तर सरकारी अख्तियारी (संघ) | ०.०० | ८८५८६८९१.३७ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | ०.०० | ३३३२४९९७.७८ | क) सामाजिक सुरक्षा | ८७७०१८९१.३७ | ०.०० |
| क) समानीकरण अनुदान | ५२४३०००.०० | ०.०० | ख) स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम | ८८५०००.०० | ०.०० |
| ख) राजस्व बाँडफाँट | ४५२२८१८.५८ | ०.०० | ............. | ०.०० | ०.०० |
| ग) सशर्त अनुदान | १३७६८६२०.०० | ०.०० | अन्तर सरकारी अख्तियारी (प्रदेश) | ०.०० | ०.०० |
| घ) समपुरक अनुदान | ८१०८३७७.०० | ०.०० | ऋण फिर्ता(साँवा) | ०.०० | ०.०० |
| ङ) विशेष अनुदान | ०.०० | ०.०० | ऋणको ब्याज भुक्तानी | ०.०० | ०.०० |
| च) रोयल्टी | ०.०० | ०.०० | धरौटी फिर्ता तथा सदर स्याहा | २२४२४६२.०० | २२४२४६२.०० |
| छ) स्थानीय राजश्व बाँडफाँड | १६८२१८२.२० | ०.०० | कार्यसञ्चालन कोषबाट भएको खर्च | ४६२३८३१.०० | ४६२३८३१.०० |
| | ०.०० | ०.०० | प्रकोप व्यवस्पन कोष | २७८६२४४.०० | २७८६२४४.०० |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | ०.०० | ८८५८६८९१.३७ | अन्य कोषबाट भएको खर्च विविध खर्च | १९९८०००.०० | १९९८०००.०० |
| क) सामाजिक सुरक्षा | ८७७०१८९१.३७ | ०.०० | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ०.०० | ०.०० |
| ख) स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम | ८८५०००.०० | ०.०० | अन्य सहयोगमा सञ्चालित योजना | ०.०० | ०.०० |
| ............. | ०.०० | ०.०० | अन्य खर्च भएमा | ०.०० | ०.०० |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ०.०० | ०.०० | अनुदान फिर्ता | ०.०० | ०.०० |
| ६. ऋण/ **वित्तीय व्यवस्था** | ०.०० | ०.०० | १. संघ तर्फ | ०.०० | ०.०० |
| ७. धरौटी आय | २११३२०३.०० | २११३२०३.०० | क) सशर्त अनुदान | ०.०० | ०.०० |
| **८. कार्यसञ्चालन कोष आय** | ५४३२३०९.०० | ५४३२३०९.०० | ख) विशेष अनुदान | ०.०० | ०.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ प्रकोप व्यवस्थापन कोष | २००८०००.०० | २००८०००.०० | | ०.०० | ०.०० |
| 10. विविध खर्च खाता | २००००००.०० | २००००००.०० | ग) समपुरक अनुदान | ०.०० | ०.०० |
| **११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ०.०० | ०.०० | **२. प्रदेश तर्फ** | ०.०० | ०.०० |
| **१२. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | ०.०० | ०.०० | क) सशर्त अनुदान | ०.०० | ०.०० |
| **१३. अन्य आय भएमा** | ०.०० | ०.०० | ख) विशेष अनुदान | ०.०० | ०.०० |
| | ०.०० | ०.०० | ग) समपुरक अनुदान | ०.०० | ०.०० |
| | ०.०० | ०.०० | अन्तिम मौज्दात | ०.०० | ५४९०५६२०.४६ |
| | ०.०० | ०.०० | १. संचित कोषको मौज्दात | ३९२१३९५५.२१ | ०.०० |
| | ०.०० | ०.०० | २. धरौटी | १०२४०७५९.०० | ०.०० |
| | ०.०० | ०.०० | ३. कार्यसञ्चालनकोष | ४५४६५८९.५५ | ०.०० |
| | ०.०० | ०.०० | 4 प्रकोप व्यवस्थापन कोष | ९०२३१६.७० | ०.०० |
| | ०.०० | ०.०० | 5.विविध खर्च खाता | २०००.०० | ०.०० |
| जम्मा | ५६६३०७५२९.९९ | ५६६३०७५२९.९९ | जम्मा | ५६६३०७५२९.९९ | ५६६३०७५२९.९९ |

उपर्युक्त एकीकृत वित्तीय विवरण सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्ः

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,७७,०१,८९१.३७ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.८,८५,००० समेत गरी रु.८,८५,८६,८९१.३७ खर्च भएका कारोबार सुत्रमा लेखाङ्कन नगरेकोले प्रस्तुत वित्तीय विवरणले पालिकाको समग्र कारोबारको सहि र यथार्थ चित्रण गरेको देखिएन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१०,०१,९०,५८९.४९ यस वर्षको भुक्तानी रु.१०,०१,९०,५९०.१४ र फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३,५१,०९,९६९.११ | ४३,१०,०६,९७०.५१ | ४११२११३१९.१६ | ५,४९,०५,६२०.४६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३,५१,०९,९६९.११ | ५३,११,९७,५६०.०० | ५१,१४,०१,९०९.३० | ५,४९,०५,६२०.४६ |
| फरक | ० | १००१९०५८९.४९ | १००१९०५९०.१४ | ० |

५ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित

सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| सि.नं. | विवरण | फिर्ता गर्नुपर्ने | फिर्ता भएको | बाँकी |
|---|---|---|---|---|
| १ | संघीय सरकार | ३,९५,३६,४८६.४६ | ३,९५,३६,४८६.४६ | ० |
| २ | प्रदेश सरकार | ४४,३३,००३ | ४४,३३,००३ | ० |
| जम्मा | | ४,३९,६९,४८९.४६ | ४,३९,६९,४८९.४६ | |

## ६ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष ०८१।८२ का लागि स्वीकृत भएको रु.१ करोड ९८ लाख ८६ हजार बराबरको २८ योजना तथा कार्यक्रमलाई घटाई हिउँदे अधिवेशन २०८१।११।२० बाट ४७ योजना तथा कार्यक्रममा रु.२ करोड ८ लाख ८६ हजार बढाई रकमान्तर गरेको छ । उक्त घटाएको बढाएको रकम शुरु वजेटको तुलनामा ७.५७ प्रतिशत हुन जान्छ । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

(रु. हजारमा)

| सि.नं. | विवरण | योजना संख्या | घटाएको | बढाएको | जम्मा रकमान्तर |
|---|---|---|---|---|---|
| १ | रकमान्तरबाट घटाएको | २८ | १९८८६ | - | १९८८६ |
| २ | रकमान्तरबाट बढाएको | ४६ | - | २०८८६ | २०८८६ |
| जम्मा रकमान्तर | | | | | ४०७७२ |
| शुरु बजेट | | | | | ५३८८०६ |
| **शुरु बजेटको प्रतिशत** | | | | | ७.५७ |

## ७ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.९२,५५,०३७ राजस्व बाँडफाँडबाट रू.८,२६,८९,२७० अनुदानबाट रू.३३,९१,१२,८५१ तथा अन्य प्राप्तीवाट रू.१०,०१,४०,४०३ लगायत रू.५३,११,९७,५६१ प्राप्ती भएकोमा चालु तर्फ रु.३०,४२,६४,४८० तथा अन्यकोष तर्फको भुक्तानी रू.१०,०२,३७,४२८ र पुँजीगत तर्फ रू.१०,६९,००,००२ समेत रु.५१,१४,०१,९१० खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट २०.१२ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ८ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र

सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।०३।१०.मा रु. ५३ करोड ८८ लाख ६ हजारको बजेट सभा समक्ष पेश गरी सोहि दिन सभाबाट पारित भएको छ। यसैगरी स्थानीय तहका अध्यक्षले मिति २०८१।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो ।

## ९ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | अषाढको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्च | १०६९००००० | ७८२०५०४ | ९११३५१४ | २४७५१५३६ | ६५२२१४४४८ | ४७२४७५०१ |
| जम्मा | १०० | ७.३१ | ८.५२ | २३.१५ | ६१.०१ | ४४.९० |

जस अनुसार यो वर्ष पुँजीगततर्फ रू. १० करोड ६९.लाख खर्च भएकोमा प्रथम त्रैमासिकमा रू ७८२०५०४ अर्थात ७.३१ प्रतिशत, दोस्रो त्रैमासिकमा रू ९११३५०४ अर्थात ८.५२ प्रतिशत, तेस्रो त्रैमासिकमा रू २४७५१५३६अर्थात २३.१५ प्रतिशत र चौथो त्रैमासिकमा रू. ६५२२१४४४अर्थात ६१०१ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.४७२४७५०१अर्थात ४४.९०प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९४ वडागत र १३९ पालिकास्तरका गरी कुल २३३ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | योजना संख्या | रू.२० लाख माथिका योजना संख्या | रू.५ लाख देखि २० लाखसम्मका योजना संख्या | रू. ५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | वडागत | ९४ | - | ९ | ८४ |
| २ | पालिकास्तर | १३९ | ६ | ५६ | ७७ |
| जम्मा | | २३३ | ६ | ६५ | १६१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ११ क्षेत्रगत बजेट र खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट

प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

| मुख्यक्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५७१९८००० | ४११६८६३८ | ७२ |
| सामाजिक क्षेत्र | २९९७९९५२८ | २४९९६३२८५ | ८३ |
| पूर्वाधार विकास क्षेत्र | ९२७८४१०६ | ५१३०८९५० | ५५ |
| वित्तीय व्यवस्थापन र सुशासन | ९००५००० | ७३१९३९१ | ८१ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ८००१९४७२ | ६१४०४२१७ | ७७ |
| जम्मा | ५३८८०६१०६ | ४१११६४४८१ | ७६.३१ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ८३ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ५५ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१२ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१० करोड ६९ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ **बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका योजना/कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ ।

बजेट (विनियोजन ऐन) मा समाबेश नभएका नीति तथा कार्यक्रम

| क्र सं | नीति तथा कार्यक्रमको बुँदा नं | नीति तथा कार्यक्रमको वेहोरा |
|---|---|---|
| १ | ३ | यस पालिकाको आन्तरिक आयलाई बृद्धि गर्न करका दायराहरुलाई व्यापक बनाउँदै प्रगतीशिल कर नीती अवलम्बन गरिने छ । |
| २ | १ | हामी गर्छौं कृषि कोहि जान्नौ देश विर्सी भन्ने मुल नाराका साथ कार्यक्रम संचालन गरिनेछ । |
| ३ | ६ | चौविसे गाउँपालिकामा यसै आ.व. मा पशु अस्पताल निर्माण गरी संचालनमा ल्याइनेछ । |
| ४ | ३ | विद्यार्थी शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा वितरण गरिनेछ । |
| ५ | ७ | जेष्ठ नागरिक सम्मान तथा जेष्ठ नागरिक सम्बन्धि कार्यक्रम संचालन गरिने छ साथै वडा नं ६ मा जेष्ठ नागरिक भेटघाट चौतारी निर्माण गरिने छ । |
| ६ | १८ | गाउँपालिका स्तरीय औद्योगिक ग्राम निर्माणका लागि यस भन्दा अगाडी छनौट भएको ७ नं. वडाको जग्गा विवादित भएकोले यस बर्ष वडा नं ८ मा स्थान्तरण गरिनेछ । |
| ७ | १ | विपद व्यवस्थापन कोषलाई अझ थप गर्नको लागि राष्ट्रसेवक कर्मचरी र जनप्रतिनीधिहरुको १ दिनको सुविधा कटौती गरी कोषलाई बढेत्तरी गरिनेछ । |
| ८ | १० | यस पालिकाबाट हुने सेवाप्रावहको विषयमा आमनागरिकलाई जानकारी दिने उदेश्यले एकीकृत नागरिक कक्षको स्थापना गरिनेछ । |

नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र बजेटमा समाबेश भएका योजना/ कार्यक्रम कार्यान्वियन गर्ने व्यबस्था हुनुपर्दछ ।

## १४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## १५ कानून निर्माण एवं कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले तपसिल बमोजिमका ऐन नियमावलीहरु कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नर्म्स | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या | १६ | ३ | २२ | ५ | ३ | ४९ |

## १६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था

छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको १२ गरी कुल २५ विवाद दर्ता भएकोमा यो वर्ष २१ वटा फर्छौट भएे ४ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

**१७ आन्तरीक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्वेश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

- दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

· अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

· पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

· हरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

· उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

· पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

· सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

· स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

· स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

· पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

· उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९. मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

· स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

· कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

· संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

· शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

· विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

· विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

· विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

· यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

· खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

· पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको,

संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

· बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

· सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

- आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं 202 को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनुपर्नेमा सबै भुक्तानी सो वेहोरा पालना गरेको पाइएन,

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

## १८ आन्तरीक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आन्तरिक लेखापरीक्षण गरेको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## १९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## २० संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म तपसिल बमोजिमका १५ पद रिक्त भएको देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २१ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८(१८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २२५८५७६।- भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गरेको नियमित नदेखिएको रु

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. | कैफियत |
|---|---|---|---|
| सहायक कम्प्यूटर अपरेटर | १ | ३५७१०० | दरबन्दी नभएको |
| अमिन | १ | ३५७१०० | दरबन्दी नभएको |
| ल्याव असिस्टेन्ट | ५ | १३९५५०० | दरबन्दी नभएको |
| जम्मा | | २१०९७०० | |

| अनियमित भएको | २१,०९,७०० |
|---|---|

२२ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा ऐन, 2081 तथा कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष कार्यपालिकावाट तलवी प्रतिवेदन पारित गराई पालिकातर्फ रु १३८५९५५९,स्वास्थ्यतर्फ रु १७८७७४५५,शिक्षकतर्फ रु १३०२८५५३१ गरी जम्मा रु १६२०२२५४५ खर्च लेखेको छ ।

२३ **कर्मचारी अवकाश कोष** (४३४/2082-03-22):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याणकारी कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु ३००००००। ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिँदैन । तसर्थ ऐन भएको व्यवस्था अनुरुप गर्नुपर्दछ

२४ **अनुदानको अनुगमन**

सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा रु २३३९६०६ खर्च लेखेका छन। पालिकावाट खरिद तथा बितरण गरी श्रेस्ता साथ संलग्न भरपाईहरु जोड जम्मा नगरेको, अनुदानग्राही छनौटको स्पस्ट मापदण्ड तयार नगरेको तथा मागको आधारमा खरिद गरि वितरण गरेको पाईयो ।यसै गरी पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।केहि उदाहरणहरु यसप्रकार रहेका छन ।

| गो भौ नं ।मिति | वितरित बस्तु | परिमाण | मुल्य |
|---|---|---|---|
| ६४।२०८१।०७।२६ | मटरको बीउ | १०३५ केजि | २२७३५० |
| ३४२।२०८२।०२।१५ | काउलीको बीउ | १७२४ प्याकेट | ४९९९६० |
| ३४३।२०८२।०२।१५ | धनियाको बीउ | १३२८ केजी | २९९८०० |
| ३६४।२०८२।०३।०९ | ईमाटिन | ७०८० केजि | ३९३५१६ |
| ४०३।२०८२।०३।१८ | गोलभेडाँको बीउ | २५० केजि | २७४७७५ |
| ४२१।२०८१।०३।१९ | कुरुले बाख्रा पालन समुह | | २९७६३० |
| ४३६।२०८२।०३।२२ | बसन्तटार बंगुर पालन कृषक समुह | | ३००००० |
| ४४३।२०८२।०३।२३ | प्लाष्टिक पोखरी वितरण | ४६ पिस | ४६५७५ |
| जम्मा | | | २३३९६०६ |

## २५ औषधि खरीद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयासम्मको औषधिजन्य मालसमान उत्पाकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट विभिन्न फर्मसँग रु ४४२३०८३ ( आयुर्वेदिक र भेट समेत) को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ ।यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

| भौ नं । मिति | आपुर्तीकर्ता | खरिद रकम रु | कैफियत |
|---|---|---|---|
| ८२।२०८१।०८।०२ | पुर्वाञ्चल भेट फर्मा | ५९९९७६ | |
| १५८।२०८१।०९।२६ | पुर्वाञ्चल भेट फर्मा | २९९२७५ | |
| १६१।२०८१।१०।२३ | रारा कर्णाली सर्जिकल सप्लायर्स | २०७७९५ | |
| १७२।२०८१।१०।२३ | | १२५३८७ | |
| १९६।२०८१।१०।२८ | जनमुखि हेल्थ केयर | ३००३५४ | |
| १९७।२०८१।१०।२९ | रारा कर्णाली सर्जिकल सप्लायर्स | १९९८५४ | |
| १९९।२०८१।१०।२९ | अनुपमा भेट सप्लायर्स | ५४४२१५ | |
| ३७५।२०८२।०३।१२ | किरातेश्वर आयुर्वेद फर्मा | ५०३६११ | |
| ४५१।२०८२।०३।२३ | Nmp डिष्टिब्युटर्स | ४८०४९१ | |
| ४५२।२०८२।०३।२३ | सुदृढ उत्पादित कम्पनि लि | १६३४४४ | |
| विभिन्न | जनमुखि हेल्थ केयर | ९९८६८१ | सशर्त |

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(२) मा भएको व्यवस्था बमोजिम पालिकाले औषधी खरिदको लागि वास्तविक लागत, स्थानीय बजार तथा अन्य बजारको प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार खरिद कार्य अगाडि बढाउनुपर्नेमा कोटेशन माग गरि सारभुत रुपमा कम दररेट पेश गरेको संग औषधी खरिद गरेको देखियो । यसरी प्रकाशित दरको आधारमा लागत अनुमान तयार नगरी कोटेशनमार्फत गरिएको खरिद कार्यमा उचित प्रतिष्पर्धाको प्रवर्द्धन हुन सकेन ।
- खुल्ला बोलपत्रबाट औषधि खरिद गर्दा छुटको प्रतिशत बढने तथा खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धाको प्रवर्द्धन हुने हुँदा पालिकाले विपदबाहेकको अवस्थामा बोलपत्रबाट खरिद गर्नुपर्ने साथै आपूर्ति हुने अधिकाँस औषधी तथा औषधिजन्य सामाग्रीमा म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण तथा म्याद सकिने मिति भण्डार दाखिला समयदेखि नियम अनुसार म्याद बाँकी हुनुपर्ने आदि विवरण खुलाउनुपर्नेमा सबै विवरण खुलाएको देखिएन । साथै चालु आर्थिक वर्षमा औषधीको प्रयोग र मौज्दातको अवस्था के कस्तो छ सो सम्बन्धमा यकिन भएन ।
- पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति-व्यवस्थापन गर्नु पर्दछ । तर सो अनुसार पालिकाले व्यवस्थापन गरेको देखिदैन ।
- औषधी तथा औषधीजन्य समाग्रीहरु खरिद गर्दा ति समाग्रीहरु आपुर्तकको ठाउँदेखि खरिदकर्ताको ठाँउसम्म आपुर्तिगर्ने फर्मकै लगानीमा समाग्रीहरु ढुवानी गर्नेगरी सम्झौता गर्नुपर्नेमा सो अनुसारको सम्झौता नगरि खरिद कर्ता स्वयंम आफै ढुवानीको दायित्व निर्वाह गरेको छ । यसबाट पालिकालाई थप आर्थिक भार बढनुको साथसाथै समाग्रीको ढुवानी सुरक्षा जोखिम बढेको छ भन्ने खरिद कार्यमा मितव्ययिता कायम भएको देखिएन ।
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको अवस्था देखियो ।
- औषधिको खर्च घटाउँदा मागफाराको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको देखियो ।

तसर्थ तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले सो बमोजिमको नगद लागत सहभागिता प्राप्त गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२७ **धरौटी तर्फ:-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु. १,०३,७०,०१८ अल्या गरेकोमा यस वर्ष रु. १,३२,१३,७२२ कूल आम्दानी देखाएकोमा रु. २९,७२,९६३ फिर्ता भइ जम्मा रु. १,०२,४०,७५९ मौज्दात बाँकी रहेको देखिन्छ ।

२८ **जिन्सी व्यवस्थापन :-**

२८.१ जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ । पालिकाको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख व्यहोरँ अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२८.२ जिन्सी मौज्दात जिम्मेवारी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५.(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version 2 (PAMS V2) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version 1 मा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन । जिम्मेवारी नसार्दा जिन्सी सामानको उच्चतम सदुरुपयोग हुन सक्ने अवस्था रहन्छ । पालिकाले PAMS version 2 सार्न बाँकि खर्च भएर जाने जिन्सी सामानहरुको विवरण उपलब्ध गराउन नसकेकोले उक्त जिन्सी सामानहरुको अवस्थाबारे एकिन हुन सकिएन । सबै जिन्सी सामानको जिम्मेवारी सारी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२८.३ जिन्सी व्यबस्थापन - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९५, ९६, १०६, १०७ र १०८ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मर्मत तथा लिलाम गर्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस आर्थिक वर्षमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदन अनुसार देखिएको व्यहोराहरु निम्नानुसार छन्

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारका मर्मत तथा लिलामी गर्नुपर्ने केही सामानहरुको उदाहरण निम्नानुसार छन् ।

| क्र.स. | सामानको नाम | प्रति इकाइ मुल्य | मर्मत गर्नुपर्ने | लिलामी गर्नुपर्ने | मिनाहा गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | ० | २ | ० | ० |
| २ | डेस्कटप कम्प्युटर | ० | ० | ९ | ० |
| ३ | ल्यापटप | ० | ११ | ० | ० |
| ४ | टेलिभिजन | ० | १ | ० | ० |
| ५ | साउण्ड सिष्टम | ० | १ | ० | ० |
| ६ | मोबाइल | ० | ० | ११ | ० |
| ७ | सिसी क्यामेरा | ३३९० | ० | ११ | ० |
| ८ | नानो स्टेशन | २२५०० | ० | ४ | ० |
| ९ | प्रिन्टर | ३४४६५ | १० | ५ | ० |
| १० | फिङ्गर प्रिन्ट स्क्यानर | ४०००० | १ | ० | ० |
| ११ | डिजिटल डिस्प्ले बोर्ड | ४३७३१० | ० | १ | ० |
| १२ | हार्ड डिस्क | ४८५८० | ० | १ | ० |
| १३ | भ्याकुम क्लिनर | ९०४० | ० | १ | ० |
| १४ | यु पि एस | ४१३९ | १८ | ० | ० |
| १५ | ब्याट्री बिडिसी | ३२२०५ | ६ | ४ | ० |
| १६ | सोलार प्यानल | २९३७५ | ८ | ० | ० |
| १७ | भेकल वासिङ मेसिन | २५९९० | १ | ० | ० |
| १८ | सोलार कन्ट्रोलर | ३४०० | ० | ५ | ० |
| १९ | गिजर | ९५०० | ० | १ | ० |
| २० | टेबल | १२९०० | ० | ४ | ० |
| २१ | कुर्सी | ५९८० | ० | ९ | ० |
| २२ | रिभल्भीङ चेयर | ९७०० | ० | १२ | ० |
| २३ | टि टेबल | ६००० | ० | २ | ० |
| २४ | स्टिल दराज | १५००० | ० | १ | ० |
| २५ | विद्युतीय हाजिरी मेसिन | १०००० | ० | ४ | ० |

२९ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.६६७७००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.९२,५५,०३७ रहेकोमा पदाधिकारी सुविधा आन्तरिक

आयको ७२.१४ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

## ३० सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको छ । पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

| क्र स | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या | सिफारिस संख्या(सेवा प्राप्त) | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ६२५ | ६२५ | |
| २ | घरबाटो सिफारिस | ३१९ | ३१९ | |
| ३ | नाता प्रमाणित | ४०३ | ४०३ | |
| ४ | जन्म मृत्य दर्ता | ६४८ | ६४८ | |
| ५ | अन्य | २१०० | २१०० | |
| ६ | कालो पत्रे सडक | ० | ० | कि.मि.मा लेख्रे |
| ७ | ग्राभेल सडक | | | कि.मि.मा लेख्रे |
| ८ | आर सि सि/ पिसिसि | ०.६ कि मि | | |
| ९ | ट्र्याक ओपन | ४ कि मि | | कि.मि.मा लेख्रे |

## ३१ खर्च मितब्ययिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । पालिकाको यस वर्षको आन्तरिक आय रु.९२,५५,०३७ मात्र रहेको अवस्थामा पालिकाले यस वर्ष निम्न बमोजिम खर्च समानिकरण अनुदान र राजश्व बाडफाँट बाट प्राप्त भएको रकमवाट देहाय बमोजिम खर्च लेखेको छ ।

| खर्च विवरण | रकम |
|---|---|
| स्वयंसेबक शिक्षक | ६२९२००० |
| कक्षा ५ र ८ को परिक्षा सञ्चालन पालिका थप | ८००००० |
| चौबिसे कप तयारी (वडागत) | १२००००० |
| वुथुक क्याम्पस स्नातक तह छात्रबृत्ति | ४००००० |
| चौबिसे कप प्रतियोगिता (त्रिवेणी नवयुवा क्लब) | ८००००० |
| जम्मा | ९४९२००० |

## ३२ मर्मत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२ मा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम(५) बमोजिम लागत अनुमान

तयार गराई स्वीकृत गर्नु पर्नेछ । जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गर्ने वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । ।पालिकाले यस कार्यालयमा ४ पाङ्ग्रे ४ वटा र मोटरसाइकल २१ वटा भएकोमा सवारी साधनका लागि रु १९९५००० तथा मेशिनरी मर्मत रु ७४१००० गरी जम्मा रु २७३६००० मर्मतमा खर्च गरेको देखिन्छ।

## ३३ **ईन्धन खर्च**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकाको २०८१ को बुँदा नं ४९ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुले निश्चित मापदण्डको आधारमा न्युनतम तथा थप ईन्धन सुविधा रहेको छ ।सोहि ब्यवस्था बमोजिम २ पाङ्गे सवारीको हकमा मासिक १२ लि पेट्रोल तथा ४ पाङ्गेको हकमा अधिकतम १७५ लि सम्मको ईन्धन सुविधाको ब्यवस्था रहको छ ।यस गाउँपालिकाले आ व २०८१।८२ मा यस कार्यालयमा ४ पाङ्ग्रे ४ वटा र मोटरसाइकल २१ वटा भएकोमा सवारी साधनका लागि रु २७५१००० खर्च गरेको देखिन्छ।प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा, बनाएको छैन । कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्दछ । कार्यालयले सवारी साधनको लगबुक राखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेको भएता पनि इन्धन खपतमा नियन्त्रणको अवस्था नदेखिएकोले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत गर्न पाउने हो सो को मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा कर्मचारीलाई मासिक रुपमा इन्धन प्रदान गर्नुपर्ने देखिन्छ ।

## ३४ **आय प्राप्तिको अबस्था**

यस पालिकामा बिगत ३ बर्षको राजश्वअशुलीकोअबस्था निम्न अनुसार रहेको देखिन्छ।

| आर्थिकबर्ष | अशुलीरकम (रु. हजारमा) |
|---|---|
| २०७९।८० | ६३३४६६३.७ |
| २०८०।८१ | ६१२८४३१.९६ |
| २०८१।८२ | ९२०४८४९ |

आय बृद्धिका लागि करको दायरा बढाउदै अशुली रकम बृद्धिका लागि पालिकाको निरन्तर अनुगमन मुल्याँङ्कन सहितको प्रयाश जारी रहनुपर्दछ ।

## ३५ **कम्प्युटर लेखा प्रणाली**

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न स्थानिय संचित कोष ब्यवस्थापन प्रणाली (SUTRA) सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रू.९२,५५,०३७ आन्तरिक आय देखाएको पाइयो। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न नसकिएकोले सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ।उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष सूचना प्रविधि लेखापरीक्षण (IT Audit) गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

## ३६ **आन्तरीक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका

तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९१५५५३१५.३४ | ९२,५५,०३७ | ३.१७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.१७ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

## ३७ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको सुत्रको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

| क्र.स. | आय शीर्षक | २०८१।८२ को अनुमानित आय | २०८१।८२ को वास्तविक आय | २०८०।८१ को वास्तविक आय | २०७९।८० को वास्तविक आय |
|---|---|---|---|---|---|
| १ | 11313 सम्पत्ती कर | २१००००० | १६९५८४९ | १६९१६९ | १०७३५५५ |
| २ | 11314 भूमि मालपोत कर | २०००००० | ० | ० | ० |
| ३ | 11317 बहाल कर | १०००००० | ४१३३०३ | ० | ० |
| ४ | 14151 सरकारी सम्पती को बहालबाट प्राप्त आय | १०००००० | २८९८० | ० | ३८६१० |
| ५ | 14213 अन्य विक्रीबाट प्राप्त रकम | १०००००० | १२९३५५५ | ७९३५२५ | ३७२१२४ |
| ६ | 14219 अन्य सेवाशुल्क तथा विक्री | १५००००० | १६२५११२० | १६७५३२६ | ११६८८३१ |
| ७ | 14224 परीक्षा शुल्क | ५००००० | १५४०० | ५५९०० | ३९००० |
| ८ | 14229 अन्य प्रशासनिक सेवा शुल्क | २००००० | १०३३९५ | १११९३७ | ५१०८० |
| ९ | 14242 नक्सा पास दस्तुर | ५००००० | ४५९९० | ० | ९९०८ |
| १० | 14243 सिफारिस दस्तुर | २०००००० | १०३८३१० | १०१३२३८ | ५८३०१० |
| ११ | 14244 व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ३०३८०० | २८१००० | २५८९०० |
| १२ | 14245 नाता प्रमाणित दस्तुर | ५००००० | १३७४०० | १२२१०० | ११९२०० |
| १३ | 14249 अन्य दस्तुर | २०००००० | ४२८२८० | ९०३३६ | २४६०० |
| १४ | 14253 व्यवसाय रजिस्ट्रेसन दस्तुर | १०००००० | २९२९०५ | २७३९४० | १९९९०० |
| १५ | 14312 प्रशासनिक दण्ड जरिवाना र जफत | १००००० | ० | ० | २८४० |
| १६ | 14529 अन्य राजश्व | २९६०५०० | १६९०६३८ | १५४२७६१ | २३९३१०६ |
| | जम्मा | १८८६०५०० | ९११२९२५ | ६१२८४३२ | ६३३४६६४ |

## ३८ ठाडा गाउँ कोर्ण मुडेवास सौरे बृहत खानेपानी योजना (०२।२०८१।८२)

३८.१

ठाडा गाउँ कोर्ण मुडेवास सौरे बृहत खानेपानी योजना (०२।२०८१।८२) को निर्माण कार्यको लागत अनुमान रु.१५५३४१४३.०६ स्वीकर्त गरी २०८२।०१।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री तुम्येहाङ निर्माण सेवा प्रा.लि. सँग सम्झौता भई रु.११७४८१३०.६८ मा सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।१०।११ गते दिएकोमा अन्तिम विल सम्म रु.११३३०९३७.८१ भुक्तानी भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

३८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले अन्तिम विल सम्मको रकम भुक्तानी गर्दा निर्माण कार्यको Items No. 7 Plain Cement Concrete (1:3:6 or M10) को कार्य वापत कुल ३९.५१ परिमाण प्रति घनमिटर रु.८००० का दरले जम्मा रु.३१६०८० भुक्तानी भएकोमा प्राविधिक नापी किताव परिक्षण गर्दा उक्त कार्य जम्मा ३३.१३ घनमिटर मात्र भएको नापी किताव पेश भएकोले बढी परिमाण ६.३८ घनमिटरको प्रतिघनमिटर रु.८००० का दरले जम्मा भ्याट सहित रु.५७६७५ बढी भुक्तानी भएको देखिन्छ । यसरी बास्तविक कार्य भन्दा बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,६७५ |

३८.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । ठाडा गाउँ कोर्ण मुडेवास सौरे बृहत खानेपानी योजना (०२।२०८१।८२) निर्माण कार्यको खरिद सम्झौतामा तोकिए भन्दा ५५ दिन ढिलाइ गरी कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने निर्माण व्यवसायीबाट सुरु सम्झौता रकम ११७४८१३०.६८ को ०.०५ प्रतिशत प्रति दिनका दरले २६ दिनको जम्मा रु.१५२७२६ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिन्छ । सम्झौताको शर्त अनुसार उक्त निर्माण कार्य २०८२।०१।३० सम्पन्न गर्नुपर्नेमा २०२०८२।०२।२५ मा मात्र पेश गरेकोले सो अवधी भित्र कार्य सम्पन्न नगरेको र पालिकाले म्याद थप समेत गरेको नदेखिएकोले ढिला निर्माण कार्य सम्पन्न गरेकोले क्षतिपुर्ति स्वरुप रु.१५२७२६ सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५२,७२६ |

## ३९ साना सिचाई आयोजना

पालिका, पि.एम.आई.एस.सि र उपभोक्ता समिति विच भएको सम्झौता अनुसार सिँचाई योजना संचालन गर्दा लाग्ने लागतमा स्वीस सरकारको ३० प्रतिशत, नेपाल सरकारको २० प्रतिशत, प्रदेश सरकारको २० प्रतिशत, स्थानीय तहको २० प्रतिशत र उपभोक्ता समितिको १० प्रतिशत लागत सहभागिता हुने व्यवस्था गरेको छ । पालिकाले तल उल्लेखित योजनाहरुको रकम भुक्तानी गर्दा सम्झौताको शर्त भन्दा फरक लागत सहभागिता कायम गरी भुक्तानी गरेको देखिन्छ । मौनाखोला तल्लो हमेला कुलो सिँचाई योजनामा नेपाल सरकारको रु.४७९७३ र प्रदेश सरकारको रु.६०२३१ सम्झौताको शर्त भन्दा बढी भुक्तानी भएको देखिन्छ । भोटेखोला धाप दुम्से अन्तिम कुलो सिँचाई योजनामा नेपाल सरकारको रु.३४८५१ सम्झौताको शर्त भन्दा बढी भुक्तानी गरेको देखिन्छ । सम्झौताको शर्त भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित सरकारको संचिक कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| योजनाको नाम | अन्तिम मुल्याकन रकम | खर्च स्रोत | हुनुपर्ने अंश | भएको अंश | फरक अंश | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| मौनाखोला तल्लो हमेला कुलो सिँचाई योजना | ७४०६७५८ | स्वीस सरकार | २२२२०२७ | १९८३८२९ | २३८१९८ | संघीय संचित कोष रु.४७९७३ र प्रदेश संचित कोष रु.६०२३१ गरी जम्मा रु.१०८२०४ फिर्ता गर्नुपर्ने |
| | | नेपाल सरकार | १४८१३५२ | १५२९३२५ | (४७९७३) | |
| | | प्रदेश सरकार | १४८१३५२ | १५४१५८३ | (६०२३१) | |
| | | स्थानीय तह | १४८१३५२ | १५४१६३३ | १५१११० | |
| योजनाको जम्मा | | | ६६६६०८३ | ६५९६३७० | | |
| भोटेखोला धाप दुम्से अन्तिम कुलो सिँचाई योजना | २४३६०७० | स्वीस सरकार | ७३०८२१ | ६०१५७८ | १२९२४३ | संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु.३४८५१ |
| | | नेपाल सरकार | ४८७२१४ | ५२२०६५ | (३४८५१) | |
| | | प्रदेश सरकार | ४८७२१४ | ४८७२१४ | ० | |
| | | स्थानीय तह | ४८७२१४ | ४८३४४२ | ३७७२ | |
| योजनाको जम्मा | | | २१९२४६३ | २०९४२९९ | | |
| जम्मा | | | | | | १४३०५५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४३,०५५ |

## ४० ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## ४१ नभएको कामको भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पशु अस्पताल भवन निर्माण(०४।२०८१।८२) को निर्माण कार्यको लागत अनुमान रु.२१५८०७१६९१५८.२५ स्वीकृत गरी म्याद थप सहित २०८२।०८।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री तुम्येहाङ निर्माण सेवा प्रा.लि सँग सम्झौता भई रु.५४३२३२५.७४ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।१२।०५ गते

दिएकोमा दोस्रो रनिङ्ग विल सम्म रु.४९३५९०७.५९ भुक्तानी भएको छ । पालिकाले नापी किताबमा तल उल्लेखित आइटमहरु चडाई कुल भ्याट सहित रु.९९३९३५ भुक्तानी गरेको छ । स्थलगत निरीक्षण गर्दा भुक्तानी भएको रकम बराबरको निर्माण कार्य भएको नदेखीएको र निर्माण कार्य भई रहेको साथैले वास्तविक कार्य वेगर नापी किताबमा चाढाई खर्च गरेको रकम अन्तिम विल भुक्तानी गर्दा समायोजन गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| Items No | Items | Quantity | Rate | amount |
|---|---|---|---|---|
| 5(Stone Soling) | Petty Work | 6.75 | 2100 | 14175 |
| | Drain | 8.25 | 2100 | 17325 |
| 6(PCC M15 1:2:4) | Petty Work | 3.15 | 12000 | 37800 |
| | Drain | 3.85 | 12000 | 46200 |
| | Floor | 6.17 | 12000 | 74040 |
| 7(Stone Masonry) | Drain | 14 | 6200 | 86800 |
| | Painting Work | 535.24 | 220 | 117752.8 |
| 21 | Aluminum Framed Work | 20.70 | 7230 | 149661 |
| 22 | Readymade Gril | 270 | 180 | 48600 |
| | Fabrication and Installation of local wood | 0.4 | 120000 | 48000 |
| | Readymade teak wooden door | 18.24 | 3000 | 54720 |
| 20 | 2000liters HDPE extra heavy WT inlet | 1 | 40000 | 40000 |
| 15 | Plaster Work | 535.24 | 270 | 144514.8 |
| Total | | | | 879588.6 |
| Total with VAT | | | | 993935 |






| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९३,९३५ |

४२ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २४.२३ देखि ३७.१४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती | CRM/DKT/WORKS/NCB/03/2081/82 | तुम्येहाङ निर्माण सेवा प्रा.लि. | १९९९९७६९.५८ | १३५१३९६२.८७ | ३२.४२ |
| २ | ठडा गाउँ कोर्ण मुडेवास सौरे बृहत खानेपानी योजना | CRM/DKT/WORKS/NCB/02/2081/82 | तुम्येहाङ निर्माण सेवा प्रा.लि. | १५५३४१४३.०६ | ११७४८१३०.६८ | २४.३७ |
| ३ | पशु अस्पताल भवन निर्माण | CRM/DKT/WORKS/NCB/04/2081/82 | तुम्येहाङ निर्माण सेवा प्रा.लि. | ७१६९१५८.२५ | ५४३२३२५.७४ | २४.२३ |
| ४ | पालिका भवनबाट पाटी बजार जाड्ने सडक स्तरोन्नती | CRM/DKT/WORKS/NCB/01/2081/82 | अंकित प्रतिक कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | ३२४५९६०.४६ | २१५७३४८.८२ | ३३.५३ |
| ५. | सामुदायिक विद्यालयको लागि सेनिटरी प्याड खरिद | CRM/DKT/GOODS/SQ/01/2081/82 | सन फर्मा प्रा.लि. | 1143074.1 | 718503.72 | 37.1४ |

## ४३ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०१। २०७८। ७९ | १० शैयाको अस्पताल निर्माण | २०७८। ०९।२५ | १५०९२६७१७.६१ | २०८०। ०९।२४ | ९८६४१००३ | २ बर्ष ६ महिना | १३० प्रतिशत |
| ०३। २०८१। ८२ | राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती | २०८१। १०।१४ | १३५१३९६२.८७ | २०८२। ०१।३० | १०४९४६८८.५७ | ७ महिना | २०० प्रतिशत |
| ०४। २०८१। ८२ | पशु अस्पताल भवन निर्माण | २०८१। १२।०५ | ५४३२३२५.७४ | २०८२। ०३।१५ | ४९३५९०७.५९ | ५ महिना १५ दिन | १६५ प्रतिशत |
| ०५। २०७७। ७८ | धप्पड ताल व्यवस्थापन | २०७८। ०४।१७ | ४२९९८९१४.७६ | २०८०। ११।३० | ४१४२६०४४.१० | १ बर्ष १० महिना | ४१ प्रतिशत |

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ४ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधी शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ३ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

**४४ राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती(०३।२०८१।८२)**

४४.१ राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती(०३।२०८१।८२) को निर्माण कार्यको लागत अनुमान रु.१९९९९७६९.५८ स्वीकर्त गरी म्याद थप सहित २०८२।०८।३० मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री तुम्येहाङ निर्माण सेवा प्रा.लि. सँग सम्झौता भई रु.१३५१३९६२.८७ मा सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।१०।१४ गते दिएकोमा दोस्रो रनिङ्ग विल सम्म रु.१०४९४६८८.५७ भुक्तानी भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

४४.२ पालिका र निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायीले हरेक ६० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.२,५०,००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । कार्यालय र निर्माण व्यवसायी तुम्येहाङ निर्माण सेवा प्रा.लि. वीच भएको सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन । सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट रोक्का गरी राख्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

४४.३ कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को वुँदा नं ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले वढिमा ६५ प्रतिशत लागत साझेदारी र बाँकी स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती निर्माण कार्यको रकम भुक्तानी गर्दा प्रदेश समपुरक अनुदान सम्बन्धी

कार्यविधि, २०७५ को प्रावधान विपरित प्रदेश सरकारको खर्च ६५ प्रतिशत भन्दा बढी गरी स्थानीय तहको खर्च ३५ प्रतिशत भन्दा कम गरेको देखिन्छ । यसरी प्रदेश सरकारबाट बढी खर्च भएको रकम प्रदेश संचित कोष दाखिला गर्नुपर्ने रु.

| ठेक्का नं. | योजनाको नाम | प्रदेश सरकारको खर्च | गा.पा. बाट भएको खर्च | कुल भुक्तानी | गा.पा को हुनुपर्ने खर्च रकम | घटी खर्च रकम |
|---|---|---|---|---|---|---|
| ०३।२०८१।८२ | राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती | ८१०६३७७ | २५०३४०३ | १०६०९७८० | ३७१३४२३ | १२१००२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,१०,०२० |

४४.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क)(३) अनुसार उपनियम २ बमोजिमको कार्यतालिकाको आधारमा बाँकी कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधी यकिन गरी तथा कार्य सम्पादन जमानत, विमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी नियम ६७ बमोजिमको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । पालिकाले राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती(०३।२०८१।८२) निर्माण कार्य म्याद थप गर्दा कार्य सम्पादज जमानतको मात्र म्याद थप भएको प्रमाण पेशको आधारमा म्याद थप गरेको देखियो । नियमावलीमा भएको व्यवस्था अनुसार अपडेट कार्यतालिका, विमा र आवश्यकता अनुसार पेश्की जमानत समेतको म्याद थप भएको प्रमाण पेश हुनुपर्नेमा सो अनुसार भएको देखिएन । अतः पालिकाले निर्माण कार्य म्याद थप गर्दा कार्य सम्पादन जमानतको साथै विमाको र पेश्की जमानतको म्याद थप भएको प्रमाण पेश गर्नुपर्दछ ।

## ४५ सामाग्री जडानको प्रमाण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत बर्ष बोलपत्रको माध्यमबाट २ वटा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक पर्ने स्टील पार्टस खरिद कार्य गरेको देखिन्छ । गत बर्ष खरिद भएको सामाग्रीको नपुग रकम यस बर्ष पनि भुक्तानी गरेको देखियो । यस बर्ष लुविमा खोला ट्रायल ब्रिज निर्माणको लागि खरिद गरेको सामानको भुक्तानी बाँकी रु.५१३०९२ गो.भौ.नं.२।२०८१।६।२० बाट भुक्तानी गरेको छ । सितेनी भित्ता ट्रायल ब्रिज निर्माणको लागि खरिद गरेको सामानको भुक्तानी बाँकी रु.४८६४६९ गो.भौ.नं.३।२०८१।६।२० बाट भुक्तानी गरेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार खरिद गरेको सामानको जडान भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. | आपूर्तक | जम्मा भुक्तानी रकम | गत बर्ष भुक्तानी | यस बर्ष भुक्तानी | सामानको अवस्था |
|---|---|---|---|---|---|
| ०२।०६।२० | जुनकिरी ईन्ड्रष्ट्रिज प्रा.लि. | १८१३०९२.७२ | १३००००० | ५१३०९२ | मौज्दातमा रहेको |
| ०३।०६।२० | सेफ स्टील प्रा.लि. | ३३५०४६९.०९ | २८६४०००.०९ | ४८६४६९ | मौज्दातमा रहेको |
| जम्मा | | ५१६३५६१.८१ | ४१६४०००.०९ | ९९९५६१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,६३,५६१ |

## ४६ पशु अस्पताल भवन निर्माण(०४।२०८१।८२)

४६.१ पशु अस्पताल भवन निर्माण(०४।२०८१।८२) को निर्माण कार्यको लागत अनुमान रु.२१५८०७१६९१५८.२५ स्वीकृत गरी म्याद थप सहित २०८२।०८।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री तुम्येहाङ निर्माण सेवा प्रा.लि सँग सम्झौता भई रु.५४३२३३२५.७४ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।१२।०५ गते दिएकोमा दोस्रो रनिङ्ग विल सम्म रु.४९३५९०७.५९ भुक्तानी भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

४६.२

पालिका र निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायीले हरेक ६० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.१,८०,००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । कार्यालय र निर्माण व्यवसायी तुम्येहाङ निर्माण सेवा प्रा.लि. वीच भएको सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन । सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट रोक्का गरी राख्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८०,००० |

४६.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । तर पालिकाले पशु अस्पताल भवन निर्माण कार्यको measurement गर्दा brick masonry work मा sill band र lintel band को परिमाण नघटाई भुक्तानी गर्दा रु.५६८९६ बढी भक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| निर्माण व्यवसायीको नाम | योजनाको नाम | Brick masonry work को परिमाण | sill band and lintel band को परिमाण | दर | भ्याट सहित बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| तुम्येहाङ निर्माण सेवा प्रा.लि. | पशु अस्पताल भवन निर्माण | ५४।४६ | २.६५ | १९००० | ५६८९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,८९६ |

## ४७ **१० शैया अस्पताल (०१।२०७८।७९)**

४७.१ १० शैया अस्पताल (०१।२०७८।७९) को निर्माण कार्यको लागत अनुमान रु.२१५८००००० स्वीकर्त गरी म्याद थप सहित २०८३। ०३।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री ओम साई राम एस.ए.एस जे.भि.सँग सम्झौता भई रु.१५०९२६७१७.६१.६८ मा सम्पन्न गर्नुपर्ने कायदिश २०७८।०९।२५ गते दिएकोमा दशो रनिङ्ग विल सम्म रु.९८६४१००३ भुक्तानी भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

४७.२ पालिका र निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायीले हरेक ३० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.५०,००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । कार्यालय र निर्माण व्यवसायी ओम साई राम एस.ए.एस जे.भि. वीच भएको सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन । सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट रोक्का गरी राख्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

४७.३ आनुपातिक रुपमा पेश्कि कट्टा नभएको: १० शैयाको अस्पताल निर्माण गर्न ठेक्का नं.०१।२०७८।७९ को काम गर्न ओम साई राम एस.ए.एस जे.भि. लाई रु.१५०९२६७१७.६१ मा मिति २०७८।०९।२५ गते सम्मझौता भएको र सम्झौताको एस.सि.सि.को जि.सि.सि.५७.३ मा सम्झौता रकमको ३० प्रतिशत काम सम्पन्नको रनिङ्ग बिल प्राबिधिक मूल्यांकन भइ भुक्तानी गर्दा प्रत्येक रनिङ्ग बिल भुक्तानीमा २० प्रतिशतको दरले पेश्की कट्टा गर्नुपर्ने र ८० प्रतिशत काम भुक्तानी गर्दा सम्पूर्ण पेश्की रकम कट्टा गरिसक्नुपर्ने प्राबधान सम्झौतामा रहेको छ । उक्त कामको निर्माण ब्यबसायीलाई यस बर्ष रु.५२,७९,६०८ गरी हालसम्म रु.९,२१,२१,९५९ भुक्तानी दिएकोमा दशौ रनिङ्ग बिल सम्म रु.९९,६०,९५४ पेश्कि कट्टा गर्नुपर्नेमा हाल सम्म रु.८७,६१,१९९ मात्र पेश्कि कट्टा गरेकोले रु.११,९९,७५५ पेश्कि कम कट्टा गरेको रकम अर्को रनिङ्ग बिल भुक्तान दिदाँ थप पेश्की कट्टा गर्नुपर्ने देखिन्छ ।

## ४८ **धप्पड ताल व्यवस्थापन(०५।२०७७।७८)**

४८.१

धप्पड ताल व्यवस्थापन(०५।२०७७।७८) को निर्माण कार्यको लागत अनुमान रु.४९६००००० स्वीकृत गरी म्याद थप सहित २०८२।०८।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री सारासृष्टी निर्माण सेवा प्रा.लि. सँग सम्झौता भई रु.४२९९८९१४.७६ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कायदिश २०७८।०४।१७ गते दिएकोमा नवौ रनिङ्ग विल सम्म रु.४१०२६२४३ भुक्तानी भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

४८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष धप्पड ताल व्यवस्थापनको नवौ रनिङ्ग विल भुक्तानी रु.७८०९४३ गरेको देखिन्छ । उक्त निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा Items No. 33 Supplying and fixing of 4" size brass casted wind bells in temple slab edges along with chain ९२ पिस रु.१८४००० हजार बराबरको जडान भएको देखिएन । Items No 37 12" Diameter brass casted bell(minimum weight 10 kg) १ पिस रु.२५००० हजार बराबरको सामान जडान भएको देखिएन । यस विषयमा छलफल गर्दा निर्माणस्थलबाट उक्त सामानहरु हराउन सक्ने भएको कुने व्यक्तिको घरमा राखेको कार्यालयको भनाई रहेकोमा सोही अनुसार नै रहेको देखियो । विलमा सामान जडान भएको भनी विल भुक्तानी भएको देखिएकोले उक्त सामानहरु जडान गर्नुपर्दछ ।




४८.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (६) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने प्राविधिकभन्दा एक तहमाथिको प्राविधिक वा प्राविधिकको समूहलाई डिजाइन ड्रइङ जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्चाउन लगाउनुपर्ने उल्लेख छ । पालिकाले धप्पड ताल व्यवस्थापन अन्तर्गत मन्दिरको लागत अनुमान तयार गर्दा RCC Water Tank Stand मन्दिर नजिक बनाउने भनी लागत अनुमान तयार गरेको देखिन्छ । पालिकाले RCC Water Tank Stand वापतको रकम समेत भुक्तानी गरेको देखिन्छ । स्थलगत निरीक्षण गर्दा मन्दिर नजिक कुनै RCC Water Tank Stand निर्माण गरेको देखिदैन । यस सम्बन्धमा यस विषयमा छलफल गर्दा RCC Water Tank Stand को Location परिवर्तन गरी Picnic Spot तिर सारेको कार्यालयको भनाई रहेको छ । तर सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार त्रुटि देखिएमा डिजनाइन ड्रइङ्ग परिवर्तन गरेको प्रमाणीत गरेको प्रमाण पेश गरेको देखिएन । अतः सार्वजनिका खरिद नियमावलीमा भएको व्यवस्था अनुसार डिजाइन ड्रइङ्ग सच्चाउनु परेमा प्रमाणित गराई राख्नुपर्दछ ।



## ४९ नापी किताब र कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सक्ने कुरा उल्लेख छ । पालिकाले गाउँपालिका पुँजीगतको गो.भौ.नं. र मिति ८।०८१।६।१४ बाट गाउँपालिकाको विद्यालयहरुमा आधुनिक पानी फिल्टर खरिद गरि जडान गर्न न्यु सिभिल ट्रेडिङ्ग, धरान-१२, सुनसरीलाई रु. ६२४९९८। भुक्तानी दिएकोमा उक्त कार्यको प्राविधिक नापजाँच गरी नापी किताबमा चढाएको पाईएन साथै कार्यसम्पन्न प्रतिवेदन समेत पेश नभएको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२४,९९८ |

## ५० सुरक्षित नागरिक आवास कार्यक्रम

सुरक्षीत नागरिक आवास कार्यक्रमः सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि २०७५ को दफा ५ अनुसार अनुदान उपलव्ध गराउदा पालिकाले स्थानीय तह संग सम्झौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराउने र निर्माण कार्य सम्पन्न भए पस्चात स्थानिय तहको प्रविधिकवाट अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस बर्ष निम्न लाभग्राहीअरुलाई पहिलो कस्ता वापत रकम रु.२२५०००० अनुदान उपलब्ध गराएको छ । कार्यविधि अनुसार अनुसुची ३ बमोजिम प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

| गो भौ नं | क्र.स. | लाभग्राहीको नाम | रकम |
|---|---|---|---|
| ५।११।५ | १ | अम्बर बहादुर मगर | ४५००० |
| | २ | खड्ग बहादुर लिम्बु | ४५००० |
| | ३ | चन्द्र बहादुर लिम्बु | ४५००० |
| | ४ | चन्द्ररानी लिम्बु | ४५००० |
| | ५ | जगत बहादुर लिम्बु | ४५००० |
| | ६ | डम्बर बहादुर दर्जी | ४५००० |
| | ७ | तुला प्रसाद मादि | ४५००० |
| | ८ | दिपा लिम्बु | ४५००० |
| | ९ | धन बहादुर राई | ४५००० |
| | १० | पंच बहादुर याखा | ४५००० |
| | ११ | परिषद रानामगर | ४५००० |
| | १२ | बुद्ध विर लिम्बु | ४५००० |
| | १३ | भक्त बहादुर याखा | ४५००० |
| | १४ | मुलुक सिंह लिम्बु | ४५००० |
| | १५ | मिन प्रसाद लिम्बु | ४५००० |
| | १६ | रघुमान सुनुवार | ४५००० |
| | १७ | रोसन चेम्जोङ लिम्बु | ४५००० |
| | १८ | लाल माया लिम्बु | ४५००० |
| | १९ | विष्णु माया मगर | ४५००० |
| | २० | श्री बहादुर लिम्बु | ४५००० |
| | २१ | सन्दिप लिम्बु | ४५००० |
| | २२ | सय माया लिम्बु | ४५००० |
| | २३ | सरिता आङ्देवे | ४५००० |
| | २४ | नागेन्द्र प्रसाद राई | ४५००० |
| १६।११।१३ | १ | अगम सिं तामाङ्ग | ४५००० |
| | २ | कुल बहादुर देवान | ४५००० |
| | ३ | काजिमान फागु | ४५००० |
| | ४ | कोक बहादुर मगर | ४५००० |
| | ५ | चन्द्र कुमार मगर | ४५००० |
| | ६ | जित बहादुर मगर | ४५००० |
| | ७ | देविलाल मगर | ४५००० |
| | ८ | धन माया याखा | ४५००० |
| | ९ | प्रेम कुमार श्रेष्ठ | ४५००० |
| | १० | बुधलाल मगर | ४५००० |
| | ११ | विम्वा लिम्बु | ४५००० |
| | १२ | मदन कुमार थापा मगर | ४५००० |
| | १३ | मान बहादुर खड्का | ४५००० |
| | १४ | लाल बहादुर याखा | ४५००० |
| | १५ | सुदिप राई | ४५००० |

| | | | |
|---|---|---|---|
| | १६ | सन बहादुर तामाङ्ग | ४५००० |
| १९।१२।११ | १ | आईत बहादुर तामाङ्ग | ४५००० |
| | २ | कल्पना राई भुजेल | ४५००० |
| | ३ | जय कुमारी खतिवडा | ४५००० |
| | ४ | फर्स बहादुर घिमिरे | ४५००० |
| | ५ | मान बहादुर घिमिरे | ४५००० |
| | ६ | मान बहादुर राई | ४५००० |
| | ७ | यादव मगर | ४५००० |
| | ८ | रत्न बहादुर तामाङ्ग | ४५००० |
| | ९ | रविन्द्र आचार्य | ४५००० |
| | १० | सिंह बहादुर तामाङ्ग | ४५००० |
| २६।२।६ | १ | शेर बहादुर मगर | ४५००० |
| जम्मा | | | २२५०००० |

५१ **हेभि उपकरण प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ ।सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा सतरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले एक्साभेटर प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाईएन । नमुना छनौट गरी परीक्षण गरिएका केही उदाहरणहरु यस प्रकार छन्

| भौ. नं. र मिति | कामको विवरण | उपभोक्ता समिति | भुक्तानी रकम | ह्याभि इक्युपमेन्टको प्रकार | ह्याभि इक्युपमेन्टमा भएको खर्च रकम |
|---|---|---|---|---|---|
| ४५। ०८१। १०।२८ | शुक्रबारे ऐसेलु केराबारी जरुवाखोला कृषि सडक निर्माण कार्य | शुक्रबारे ऐसेलु केराबारी जरुवाखोला कृषि सडक निर्माण उपभोक्ता समिति | २९९०००। | एक्साभेटर | २९५९५८। |
| ५५। ०८१। ११।१२ | आम्बोटे नाम्फुवा खोला कृषि सडक निर्माण | आम्बोटे नाम्फुवा खोला कृषि सडक निर्माण उपभोक्ता समिति | ९९९०००। | एक्साभेटर | १००४६६५। |
| ५८। ०८१। ११।२६ | धप्पडताल वालुवा व्यवस्थापन | धप्पडताल वालुवा व्यवस्थापन समिति | ३३१२६७०। | जेसिबि | २९७३२९६। |
| ८३। ०८२। ०२।०५ | बाखे खोला सडक निर्माण | बाखे खोला सडक निर्माण उपभोक्ता समिति | १९९०००। | जेसिबि | २००८९२। |
| ८६। ०८२। ०२।०७ | थाप्रोङ कृषि सडक स्तरोन्नती | थाप्रोङ कृषि सडक स्तरोन्नती उपभोक्ता समिति | १९९०००। | जेसिबि | १९९०२९। |
| ८७। ०८२। ०२।०८ | साराथुक्पा लुङ्गेवा ग्रामिण कृषि सडक निर्माण | साराथुक्पा लुङ्गेवा ग्रामिण कृषि सडक निर्माण उपभोक्ता समिति | १९९०००। | जेसिबि | २०५०३८। |
| ९५। ०८२। ०३।०८ | आमडाँडा सल्लेरी मगर गाउँ कृषि सडक निर्माण | आमडाँडा सल्लेरी मगर गाउँ कृषि सडक निर्माण उपभोक्ता समिति | ३८०६२१। | जेसिबि | ३८०६२१ |
| ११०। ०८२। ०३।१५ | नाम्फुवा सिखानी टोड्के कृषि सडक मर्मत | नाम्फुवा सिखानी टोड्के कृषि सडक मर्मत उपभोक्ता समिति | ७९८६९१। | ब्रेकर र एक्साभेटर | ५९३१०९। |
| १११। ०८२। ०३।१६ | मुक्तारा खेल मैदान स्तरोन्नती | मुक्तारा खेल मैदान निर्माण उपभोक्ता समिति | ४९९०००। | जेसिबि | ४५६५१४। |
| ११३। ०८२। ०३।१६ | सेरजेम्बा देविथम कृषि सडक मर्मत | सेरजेम्बा देविथम कृषि सडक मर्मत उपभोक्ता समिति | ३४९०००। | जेसिबि | ३२६३१८। |

५२ **भुक्तानी प्रक्रिया**

पालिकाले सरकारी खर्च रकम भुक्तानी दिंदा सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्दछ । पालिकाले देहायबमोजिमको रकम खर्च गर्दा सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी नदिई वडा सचिवको खातामा रकम जम्मा गरिदिने गरेको र निजले सम्बन्धित आपूर्तिकर्तालाई रकम भरपाई गरेर भुक्तानी दिने गरेको पाईयो । पालिकाले यस किसिमको कारोबारमा नियन्त्रण गरी सम्बन्धित आपूर्तिकर्ताको खातामा रकम भुक्तानी गर्ने गर्नु पर्दछ ।

| गो.भौ.नं. र मिति | भुक्तानी रकम | कारोवारको विवरण | भुक्तानी पाउनु पर्नेको नाम | भुक्तानी पाएको व्यक्तिको नाम |
|---|---|---|---|---|
| १०।०८१।०६।१५ | १६३५२२। | प्रधानमन्त्री रोजगार कार्यक्रम ढुंगा ढुवानी | हरि बहादुर श्रेष्ठ | दिवस राई (वडा सचिव वडा नं. १) |
| ४३।०८१।१०।०३ | २०००००। | फलफुल विरुवा तथा थोपा सिंचाई पाइप खरिद | तमोर पर्माकल्चर सिकाई थलो, चौविसे-३ र सर्वोत्तम ट्रेडर्स | दुर्गा सिं आले(वडा सचिव वडा नं. २) |
| १०८।०८२।०३।१५ | २०००००। | प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम अन्तर्गत ढुंगा खरिद | दगेन्द्र सुब्बा | शेर बहादुर लिम्बु(वडा सचिव वडा नं. ८) |

५३ **न्यानो झोला कार्यक्रम:-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१/८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष ९९ थानको रुः ८९१०० र यस वर्ष ५० थान को रु.४७,५०० खरिद गरेकोमा गत वर्ष ६३ जना र यस वर्ष जना गरी ७० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५४ **शिक्षा तर्फ:-**

५४.१ • स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरुको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको

